# इस्मा गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम-२०७५

गाउँसभा बाट स्वीकृत मिति: २०७५/३/१०

प्रमाणीकरण मिति: २०७५/०३/११

## इस्मा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## इस्मा रजस्थल, गुल्मी

## ५ नं.प्रदेश, नेपाल

# इस्मा गाउँपालिकाको आ.व. २०७५/७६ को वार्षिक नीति तथा कार्यक्रम

नेपालको संविधान, २०७२ ले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारतः रुपान्तरण गर्ने क्रममा स्थानीय तहको निर्वाचन, २०७४ सम्पन्न भएको छ । संघीय शासन व्यवस्थाको मर्म अनुरुपको राजनीतिक, आर्थिक, सामाजिक तथा वित्तिय स्वायत्तता सहितको स्थानीय तहको शासन सञ्चालन गर्न यस इस्मा गाउँपालिकामा गाउँ कार्यपालिका तथा गाउँ सभाको गठन भएको छ । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ । हामीलाई यो अवस्थासम्म ल्याउने प्रमुख वैधानिक आधार नेपालको संविधान २०७२, निर्माण तथा कार्यान्वयनमा प्रत्यक्ष एवं परोक्ष ढंगले भूमिका खेल्नुहुने सबैलाई धन्यबाद दिन चाहन्छु । सार्वभौमसत्ता सम्पन्न यस गाउँपालिकाका जनताहरुबाट राज्य शक्तिको प्रयोग गर्ने वैधानिकता प्राप्त भएको यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म निकै हर्षीत भएको छु ।

आज यस गाउँपालिकाको गाउँसभामा आ.व. २०७५।७६ को नीति तथा कार्यक्रम पेश गर्ने समारोहमा नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा ल्याइपुर्याउन विभिन्न समयमा भएका आन्दोलनमा बलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुलाई उच्च आदर भावले स्मरण गर्दै हार्दिक श्रद्धान्जली अर्पण गर्दछु साथै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

प्राकृतिक साधन श्रोतले सम्पन्न, भौगोलिक, जैविक र सामाजिक विविधतायुक्त, सरल र सहयोगी जनताको वसोवास रहेको हाम्रो देश युगौं देखिका पछौटेपन, विभेद, गरिवी र शोषण विरुद्ध संघर्ष गर्दै न्याय, समानता, विकास, समृद्धि र समग्र समुन्नति प्राप्तिका लागि अग्रगामी यात्रा गर्ने विशेष समयमा हामी छौं ।

नेपालको संविधान, २०७२ ले लिपीवद्ध गरेका संवैधानिक व्यवस्थाहरु,स्थानीय तहको कार्य बिस्तृतिकरण, स्थानीय सरकार संचालन ऐन, २०७४, नेपालको चौधौं योजना (२०७३/७४–२०७५/७६) का प्राथमिकताहरु, नेपाल सरकारको नीति तथा कार्यक्रम मार्फत **समृद्ध नेपालः सुखी नेपाली** बनाउने मुल उद्देश्य, साथै निर्वाचनको दौरानमा जनता समक्ष गरेका प्रतिवद्धताहरुलाई समेट्दै आर्थिक रुपमा सम्बृद्ध, सामाजिक रुपमा विभेदको अन्त्य र समतामूलक गाउँपालिका निर्माण गर्न आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रम तयार गरेका छौं ।

नेपालको संविधानको व्यवस्था अनुरुप तिनै तहको निर्वाचन सम्पन्न भै तीनै तहका सरकारहरुले स्थानीय सरकारको रुपमा कार्य जिम्मेवारी निर्वाह गर्न शुरु गरेको पनि एक वर्ष पुरा हुँदै छ । अवका दिनमा यस गाउँपालिकाका पिछडीएको वर्ग, समुदाय तथा क्षेत्रका जनतालाइ विकासको मूलधारमा ल्याउन सहभागितामूलक योजना तर्जुमाका साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, यस क्षेत्रको स्थानीय आवश्यकता अनुसारको कार्यक्रम एवं विकास गतिविधिहरु सञ्चालन गर्दै रोजगारी सृजना गर्ने, गरिवी न्युनीकरण गर्दै आर्थिक समृद्धि हासिल गर्ने प्रमुख नीति लिइएको छ ।

सभाध्यक्ष ज्यू, सभाका सदस्यज्यूहरु,

अब म इस्मा गाउँपालिकाको चालु आ.व. २०७४।७५ को नीति तथा कार्यक्रमको समिक्षा पेश गर्न चाहन्छु ।

स्थानीय तहको निर्वाचन सम्पन्न भै जनप्रतिनिधीले जिम्मेवारी सम्हाली सकेपश्चात २०७४ भदौ २४ गते गाउँसभाबाट नीति तथा कार्यक्रम र बजेट पारित भै कार्यान्वयन शुरुवात गरिएको थियो । आवश्यक ऐन, कानूनहरुको अभाव, कर्मचारीहरुको अभावका बीच पहिलो बजेट तर्जुमा गरिएको थियो भने संघ र प्रदेशको आसन्न निर्वाचनले द्रुत गतीमा बजेट कार्यान्वयन अगाडी बढाउन कठिन भयो । फलस्वरुप वार्षिक नीति तथा कार्यक्रम र बजेटले लिएका लक्ष्यहरु समयमै पूरा गर्न नसकिएको तथ्यलाई स्वीकार गर्न चाहन्छौं । जनताका तमाम आवश्यकता र सीमित श्रोत र साधनबीच उचित तालमेल मिलाउदै तयार गरिएको नीति तथा कार्यक्रमको हालसम्मको प्रगति समिक्षा पेश गर्दछु ।

**क) पूर्वाधार सम्बन्धी नीति :**

- **"योजनावद्ध र बलियो पूवाधारः दिगो विकासको आधार"** भन्ने नारालाई अंगिकार गर्दै आगामी ६ महिना भित्रमा इस्मा गाउँपालिकाको विकास गुरु योजना निर्माण गरी पाँच वर्षभित्रमा यस गाउँपालिकालाई नमुना गाउँपालिकाको रुपमा विकास गरिनेछ ।
- गाउँपालिकाको केन्द्र देखि वडा केन्द्रसम्मका सडकहरुलाई स्तरोन्नती गरी बाह्रै महिना सन्चालन गर्न सकिने गरी व्यवस्था मिलाइने छ भने सडक पुग्न नसकेका वस्तीहरुमा यसै वर्ष भित्र सडक पुग्ने गरी निर्माण कार्य अगाडी बढाइनेछ ।
- "जनतालाई हाम्रो भरः विपन्नलाइ सुरक्षित घर" अभियानलाई साकार पार्न जनता आवास कार्यक्रम मार्फत खरका छाना विस्थापित गरि टिनका छाना लगाउने अभियान अन्तरगत चालु आ.व. २०७४/७५ मा करिब १३० घरहरु निर्माण गरी जस्ता पाता लगाउने कार्य आसार मसान्त सम्म सम्पन्न हुँदै छ ।
- **"इस्मा गाउँपालिकाको शानः उज्यालो गाउँपालिका हाम्रो अभियान"** नारालाइ कार्यान्वयन गर्न सबै बस्ती तथा घरघरमा विद्युत सेवाको पहुँच पुर्याउन विद्युतिकरण कार्यक्रम अगाडी बढिरहेको छ ।
- प्रत्येक घरमा स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउन **"एक घर एक धाराः टोलटोलमा संरक्षित मुहान र पधेरा"** कार्यक्रम लागु गरिनेछ ।
- सडक, खानेपानी, सिंचाइ लगायतका योजनाहरुको नियमित मर्मत सम्भारका लागि मर्मत सम्भार कोष स्थापना गरिने छ । उक्त कार्यमा उपलब्ध स्थानीय श्रमको अधिकतम उपायोग गरिनेछ ।

**(ख) कृषि तथा पशु सम्बन्धी नीति तथा कार्यक्रम**

- **"गाउँ गाउँमा प्राविधिक, समुहमा लगानीः घरघरमा उत्पादन, व्यक्ति व्यक्तिमा आम्दानी"** लाइ अभियानको रुपमा अगाडि बढाउन एक गाँउ एक व्यक्तिलाई प्राविधिक शिक्षा वा तालिम उपलब्ध गराउने नीति अवलम्बन गरिने छ ।

- **"समृद्ध इस्माको आवश्यकताः कृषि र पशुपालनमा व्यवसायिकता"** भन्ने नारालाइ सार्थकता दिन आधुनिक प्रविधियुक्त कृषि कार्यक्रमलाई प्रोत्साहित गरिने छ । पशुपालन र कृषिमा लगानी बढाउदै मासु, तरकारीमा आत्मनिर्भर हुने खालका कार्यक्रमलाई अगाडि वढाइने छ ।
- प्रधानमन्त्री कृषि आधुनुकिकरण परियोजना मार्फत यसै गाउँपालिकामा सन्चालित मकै बालिको पकेट क्षेत्रलाई विस्तार र व्यवस्थित गदै धान, गहुँ उत्पादन कार्यक्रम समेत विस्तार गर्न आवश्यक समन्वय गरिने छ ।
- कृषि सहकारीको माध्यमबाट आय आर्जन बृद्धि तथा रोजगारी सिर्जना गर्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।

### (ग) शिक्षा र संस्कृति सम्बन्धी नीति :

- सामुदायिक विद्यालयहरुमा मा.वि. तह सम्मको शिक्षा निःशुल्क गराउने राष्ट्रिय नीति रहेता पनि आश्यकता अनुरुप शिक्षक दरबन्दी नरहेको हुँदा निजी श्रोतबाट शिक्षक समुदायले सञ्चालन गरिरहेकाले उक्त कार्यलाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाइने छ ।
- प्राविधिक शिक्षा, Polytechnical Institute को स्थापना, मौजुदा मा.वि. र आधारभूत तहमा प्राविधिक शिक्षा सञ्चालन गर्नका लागि प्रोत्साहन गरिने छ ।
- सामुदायिक विद्यालयहरुमा अंग्रेजी शिक्षालाई सुदृढिकरण गर्दै सम्पूर्ण तहमा अंग्रेजी माध्यमबाट पढाइ सञ्चालन गर्न सकिने गरी शिक्षकहरुलाई अभिमुखीकरण र क्षमता विकास तालिम प्रदान गरिने छ ।
- उच्च शिक्षाको गुणस्तर र शिक्षकहरुको विषय विज्ञता अभिबृद्धि गर्न विषय विज्ञहरुसंग सकार्य र समझदारी कायम राखिने छ ।
- बाल विकास केन्द्रहरुलाई व्यवस्थित गर्दै नमुना वालविकास केन्द्रको रुपमा छनौट गरी बालबालिकाहरुको सर्वाङ्गिण विकास हुने गरी सिकाइ सामाग्री र वातावरणको निर्माण गरिनेछ ।
- सामुदायिक शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर सुधारका लागि वाल मैत्री कक्षा सञ्चालन, प्रविधियुक्त सिकाइ वातावरण सहितको नीतिगत, संस्थागत कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय कला, साहित्य र संस्कृतिको क्षेत्रमा विशेष योजना निर्माण गरि संरक्षण र विकास गरिनेछ ।
- गरिब तथा जेहन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनको लागि छात्रबृत्तीको व्यवस्था गरिने छ ।

### (घ) समावेशीकरण/जेष्ठ नागरिक /दलित/अपांग/महिला/बालबालिका सम्बन्धि नीति :

- जेष्ठ नागरिकहरुको लागि सम्मान तथा संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिलाहरुको आय आर्जन बृद्धि क्षमता र नेतृत्व विकास गर्दै संगठनात्मक रुपमा सुदृढ गराउदै लगिने छ ।
- अल्पसंख्यक, विपन्न, दलितहरुको रोजगारी अभिबृद्धि गर्न आयमुलक र सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

- बालबालिकाको चौतर्फी विकासका लागि प्रतियोगितात्मक, मनोरञ्जनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- अपांगता भएका नागरिकका लागि अपांग मैत्री कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**(ङ) पर्यटन नीति :**

- आन्तरिक एवं वाह्य पर्यटक भित्रयाउन सहयोग पुग्ने खालका पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र विकास गरिनेछ ।
- ऐतिहासिक, धार्मिक महत्व बोकेको इस्माकोट दरबारको उचित संरक्षण, प्रवर्द्धन र पुरातत्विक हिसावले निर्माण गर्न योजनाबद्ध तरिकाले कार्य प्रक्रिया अगााडी बढाइने छ ।
- विभिन्न पर्यटकीय स्थानहरुमा होमस्टे, पिकनिक स्पटहरुको निर्माण गरि मनोरञ्जनात्मक वातावरणको विकास गरिनेछ ।

**(च) आन्तरिक आय वृद्धि/कर/राजश्व परिचालन सम्बन्धी नीति :**

- गाउँपालिकालाई आर्थिक रुपमा सवल र सक्षम बनाउन र जनतालाइ कर प्रति सचेत बनाउन **"हामीले तिरेको कर हाम्रै विकासका लागि"** भन्ने भावनाको विकास गर्दै प्रगतिशिल कर प्रणाली लागु गरिने छ ।
- गाउँपालिकालाई विभिन्न क्षेत्रवाट प्राप्त हुने कर, शुल्क तथा दस्तुरलाई व्यवस्थित र प्रभावकारी रुपले संकलन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायसँग सहकार्य गरिनेछ ।

**(छ) वन/वातावरण/विपद व्यवस्थापन/जनस्वास्थ्य/सरसफाई नीति :**

- वन र वातावरणको संरक्षणका लागि विकास निर्माणका कामलाई दिगो विकासको अवधारणा अनुसार अगाडी बढाइन छ । सडकहरुको विस्तार र स्तरोन्नती गर्दा Bio Engineering प्रविधिको प्रयोग गरिने छ ।
- हरित र स्वच्छ गाउँपालिका निर्माणको लागि जथाभावी फोहर फाल्ने कार्यलाई निरुत्साहित गर्दै पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्नेतर्फ कार्य अगाडि बढाईनेछ ।
- महिला र बालबालिकाहरुको पोषण र स्वास्थ्य स्थितिमा सुधारको लागि साझेदार संस्थाहरुसँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- स्वास्थ्यमा सम्पूर्ण जनताको पहुँच अभिबृद्धि गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सबै वडामा आवश्यक औषधी, उपकरण, एम्बुलेन्स सेवा, बर्थिङ्ग सेन्टर सहितका स्वास्थ्य चौकी तथा केन्द्रको व्यवस्था मिलाईने छ ।
- आयुर्वेदिक स्वास्थ्य सेवामा जनताको पहुँच अभिबृद्धि गर्न निःशुल्क स्वास्थ्य शिविर लगायतका कार्यक्रम सन्चालन गरिने छ ।

- विपद् व्यवास्थापन सम्बन्धी नीति, कानुन र प्रतिकार्य योजना तर्जुमा गरी लागु गरिने छ, साथै प्राकृतिक प्रकोप र विपदमा तुरुन्त राहत र उद्धारका लागि गाउँपालिकामा विपद व्यवस्थापन कोषको स्थापना गरिनेछ । तत्काल राहत तथा उद्धार कार्यकालागि प्रभावकारी संयन्त्रको निर्माण गरिनेछ ।

**(ज) मानव संशाधन सम्बन्धी नीति** :

- गाउँपालिकाको योजनावद्ध र व्यवस्थित विकासका लागि विज्ञ समुहको गठन गरिने छ । साथै सल्लाहकारहरु, विषय विज्ञ र परामर्शदाताबाट सल्लाह सुझाव लिइ मानव संशाधन विकास सम्बन्धी कार्यहरु गरिनेछ ।
- कर्मचारीहरुलाई समय सापेक्ष विभिन्न सीपमूलक, क्षमता विकास तालीम प्रदान गरिनेछ ।

**(झ) सुशासन, संगठन विकास तथा कार्यालय व्यवस्थापन सम्बन्धी नीति** :

- **"इस्मा गाउँपालिकाको अभियानः सेवामैत्री प्रशासन"** भन्ने नारालाई कार्यान्वयन गर्दै भ्रष्ट्राचारमा शुन्य सहनशिलताको नीति अबलम्बन गरिने छ । साथै कर्मचारीहरुलाई कार्यसम्पादनका आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिने छ ।
- संघ, प्रदेश र स्थानीय तहको ऐन नियमानुसार गाउँ कार्यपालिकालाई आवश्यक कर्मचारी, संगठन संरचना र दरवन्दी श्रृजना गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी सोको प्रतिवेदनका आधारमा रिक्त दरबन्दीको पदपूर्ति गरिनेछ ।
- सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राहीमैत्री तुल्याउन व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिईनेछ । गाउँपालिकाको कार्यालय सहित वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गर्दै लगिने छ ।
- सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यक्रमलाई निरन्तर रुपमा सन्चालन गरिने छ ।
- गाउँपालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।

**(ञ) मर्यादा पालन/न्याय सम्बन्धी नीति :**

- न्यायिक समितिलाई पूर्णता दिइ न्याय सम्बन्धी कामहरु प्रभावकारी ढंगले सम्पादन गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाका लागि आवश्यक कानुनहरु तर्जुमा गरिनेछ । गाउँ कार्यपालिकाबाट पारित विभिन्न कानुनहरुको प्रभावकारी कार्यान्वयन गरिने छ ।

**(ट) युवा तथा खेलकूद नीति**

- गाउँ गाउँमा युवा क्लबहरु गठन गर्न प्रोत्साहन गरिने छ । युवाहरुको क्षमता विकास, नेतृत्व विकास गर्दै सचेतना अभिबृद्धि, समाज सुधार र विकास निर्माणका काममा युवाहरुलाई परिचालन गर्न सकिने खालका कार्यक्रमहरु अबलम्बन गरिने छ ।

- खेल क्षेत्रको विकासको लागि गाउँपालिका भित्र पूर्वाधारयुक्त सुविधा सम्पन्न रंगशाला निर्माण गरिनेछ । साथै एक गाउँ एक खेलमैदानको निर्माण गर्ने नीति अबलम्बन गरिनेछ ।

**(ठ) सार्वजनिक निजी साझेदारी नीति**

- निजी क्षेत्र, सहकारी क्षेत्र र सार्वजनिक क्षेत्र बीच सहकार्यको आधारमा विकासका कार्यक्रम गरिनेछ । गाउँपालिका स्तरीय उद्योग वाणिज्य संघ गठन गर्न पहल गरिनेछ ।
- गाउँपालिकामा स्थापित सहकारी संस्थाहरुलाई सवल र सक्षम बनाउँदै आम जनता समक्ष पुग्ने खालका कार्यक्रम सन्चालन गर्न प्रोत्साहित गरिनेछ ।
- गाउँ गाउँमा साना तथा मझौला उद्योग स्थापनाका लागि आवश्यक पहल र प्रोत्साहन गरिने छ ।

(१) आर्थिक विकास सम्बन्धी नीति

- "समृद्ध इस्माको आवश्यकताः कृषि र पशुपालनमा व्यवासायिकता" कार्यक्रमलाई निरन्तरता दिदै कृषि तथा पशु विकास कार्यक्रमलाई व्यसायिक रुपमा अगाडी बढाउने गरी नीति अबलम्बन गरिने छ । कृषिमा यन्त्रिकरण र व्यवसायिकरण गर्न आधुनिक यन्त्र उपकरणहरु खरिद गर्न, व्यक्तिगत रुपमा, समुहमा र सहकारी मार्फत उत्पादन गर्ने कृषकहरुलाई आवश्यक नीतिगत व्यवस्था गरी उत्पादनमा आधारित अनुदान प्रणाली लागू गरिने छ । दुग्ध र माशुजन्य उत्पादनमा आत्मनिर्भर हुने गरी कृषकहरुलाई सीप, प्रविधि र अनुदानका कार्यक्रम सन्चालन गरिने छ । कृषि र पशु विमा गर्न कृषहरुलाई प्रोत्साहित गरिने छ र विमा प्रिमियममा ५० प्रतिशत गाउँपालिकाको तर्फबाट भूक्तानी गर्ने गरी आवश्यक व्यवस्था मिलाइने छ ।
- जनतासंग प्राविधिक कार्यक्रम लागू गरी घर घरमा कृषि तथा पशु प्राविधकि सेवा उपलब्ध गराइने नीति अबलम्बन गरिने छ । कृतिम गर्भाधान कार्यक्रम अगाडी बढाइने छ । तरकारी, फलफुल, कफि, माशु दुध, उत्पादनलाई पकेट र ब्लक बनाइ व्यवस्थित रुपमा सन्चालन गरिने छ । कोदो पकेट क्षेत्रलाई विस्तार गरिने छ । धान, गहुँ पकेट कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- गुल्मी जिल्लाकै पहिचानको रुपमा रहेको बुल्म सेरामिक उद्योगको क्षमता विस्तार गर्न सीप युक्त जनशक्ति निर्माण, मेशिन औजारको उचित व्यवस्थापनमा अनुदानका कार्यक्रम सन्चालन गरिने छ ।
- कृषि तथा पशु सहकारी, कफि सहकारी, महिला सहकारीहरुको विकास र प्रवर्द्धनका लागि कार्यक्रम अगाडी बढाइने छ । एक परिवार एक व्यक्तिलाई सहकारीमा आवद्ध हुन प्रोत्साहित गरिने छ ।
- ऐतिहासिक, धार्मिक महत्व बोकेको इस्माकोट दरबार सहित माइकास्थान, देउराली क्षेत्रलाई समेटेर विस्तृत परियोना प्रतिवेदन तयार गरिने छ । संघीय सरकार, प्रदेश सरकारसंगको साझेदारीमा इस्माकोटलाई पुनर्निर्माण गरिने छ । छल्दीखोलामा River Trail निर्माण गरी पर्यटन प्रवर्द्धन सहित बहुउद्देश्यीय उपयोगको लागि विस्तृत सम्भाव्यता अध्ययन गरिने छ । गाउँपालिकाको वडा नं. २ मा होमस्टे सन्चालन गर्न आवश्यक व्यवस्था मिलाइने छ
- युवाहरुलाई उद्यमशील र स्वरोजगार बनाउन सीपमूलक तालिम सन्चालन गरिने छ ।

## (२) सामाजिक विकास सम्बन्धी नीति

- शिक्षा क्षेत्रको समग्र सुधारको लागि शैक्षिक गोष्ठीको आयोजना गरिने छ । सामुदायिक विद्यालयहरुको दरबन्दी मिलान गर्ने कार्य अगाडी बढाइने छ । विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि अभिभावक सचेतना कार्यक्रम अगाडी बढाइने छ ।
- वडा नं. ३ का विद्यालयबाट अनिबार्य शिक्षा लागू गरिने छ । यसलाई क्रमबद्ध रुपमा सम्पूर्ण विद्यालयमा लागू गरिने छ । कुमाल जातीका बालबालिकाहरुलाई विद्यालयमा आकर्षित पोषाकको व्यवस्था गरिने छ ।
- बालविकास केन्द्रलाई बालबालिकाको सर्वाङ्गिंण विकास हुने गरी सिकाई केन्द्रको रुपमा विकास गर्न सहयोगी कार्यकर्ताहरुको क्षमता विकास र शैक्षिक सामाग्रीको व्यवस्था मिलाईने छ । बालविकास केन्द्र, पूर्व प्राथमिक कक्षा र कक्षा १ मा टिकाउ दर र सिकाई उपलब्धी बृद्धि गर्दै उत्तीर्ण दर १०० प्रतिशत

पुर्‍याउने गरी शिक्षकको क्षमता विकास, शैक्षिक सामाग्रीको व्यवस्थापन र सिकाई विधी र वातावरणमा सुधार गरिने छ। क्रमश माथिल्लो तहमा समेत यो कार्यक्रम विस्तार गरिने छ।

- हिमालय मा.वि.मा रहेको कृषि प्राविधिक शिक्षा कार्यक्रमलाई आवश्यक सहयोग गरिने छ । अन्य विद्यालयहरुमा प्राविधिक शिक्षालाई विस्तार गर्न आवश्यक समन्वय तथा सहजीकरण गरिने छ।
- सामुदायिक शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर सुधारका लागि वाल मैत्री कक्षा सञ्चालन, प्रविधियुक्त सिकाइ वातावरण सहितको नीतिगत, संस्थागत कार्यक्रम संचालन गरिनेछ। पठनपाठनलाई विद्यार्थीको नतिजासँग आवद्ध हुने गरी विद्यालय तथा शिक्षकलाई पुरस्कारको व्यवस्था गरिने छ । **ग**रिब तथा जेहन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनको लागि छात्रबृत्तीको व्यवस्था गरिने छ।
- गर्भवती महिलाको स्वास्थ्य र पोषणमा सुधार गर्न **गर्भवती पोषण कार्यक्रम** सन्चालन गरिने छ। वडा नं. २ मा रहेको सामुदायिक स्वास्थ्य इकाईमा बर्थिङ्ग सेन्टर सन्चालनमा ल्याइने छ। अमरपुर स्वास्थ्य चौकिमा प्रयोगशाला सेवाको शुरुवात गरिने छ। महिलाहरुको स्वास्थ्यमा सुधार गर्न निःशुल्क स्वास्थ्य शिविर सन्चालन गरिने छ। स्वास्थ्य संस्थाहरुमा इन्टरनेट, आवश्यक भौतिक व्यवस्थापन र पर्याप्त मात्रामा औषधीको व्यवस्था मिलाइने छ। **आ**युर्वेदिक स्वास्थ्य सेवामा जनताको पहुँच अभिबृद्धि गर्न वडा नं. ४ मा रहेको आयुर्वेद स्वास्थ्य क्लिनिकलाई निरन्तरता दिइने छ । महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास र प्रोत्साहनका कार्यक्रमलाई निरनन्तरता दिइने छ। गाउँपालिका मै अत्यावश्यक खोपहरु (टि.टी. रेविज, एन्टि स्नेक भेनम) को सुरक्षित भण्डारणको व्यवस्था मिलाइने छ।
- आगामी ४ वर्षमा प्रत्येक घरमा स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउन **"एक घर एक खानेपानी धारा"** निर्माण योजनालाई प्रमुख प्राथमिकता दिई कार्यान्वयन गरिने छ। ठूला खानेपानी योजनाको परियोजना प्रतिवेदन तयार गरी संघीय र प्रदेश सरकारसँगको लागत साझेदारीमा सम्पन्न गर्ने व्यवस्था मिलाइने छ।
- पूर्ण सरसफाई कार्यक्रमलाई अगाडी बढाउन नीतिग व्यवस्था गरी सचेतनामूलक कार्यक्रम अगाडी बढाइने छ। सम्पूर्ण परिवारमा शौचालयको प्रयोग गर्ने बानीको विकास गर्न आवश्यक सहयोग साथै सचेतनामूलक कार्यक्रम अबलम्बन गरिने छ।
- मौलिक कला र संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक कार्यक्रमहरु सन्चालन गरिने छ।
- खेलकुदको विकास गर्न प्रत्येक वडामा वडास्तरीय भलिवल प्रतियोगिता र गाउँपालिकामा अध्यक्षकप भलिवल प्रतियोगिता सन्चालन गरिने छ। गाउँपालिका स्तरीय खेलकुद समिति गठन गर्न पहल गरिने छ । एक वडा एक खेल मैदान निर्माण अभियान सन्चालन गरिने छ । गाउँपालिमा एउटा सुविधा सम्पन्न खेलमैदान निर्माण गरिने छ।
- **"सीपयुक्त महिलाः सशक्तिकरण पहिला"** नारा सहित महिलाहरुमा सचेतना र क्षमता विकास गरिने छ । गाउँपालिकामा गठन हुने उपभोक्ता समिति, टोल सुधार समिति, विभिन्न क्लब, सामुदायिक संस्थाहरुमा कम्तिमा ४५ प्रतिशत महिला सहभागीता रहने गरी नीतिगत व्यवस्था मिलाइने छ।

- जेष्ठ नागरिकहरुको लागि सम्मान तथा संरक्षणका लागि कार्यक्रम सञ्चालन गरिनेछ। जेष्ठ नागरिक दिवा आश्रम भवन निर्माणलाई सम्पन्न गरिने छ। अपांगता भएका नागरिकका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- जतीय, क्षेत्रीय, लैंगिक विभेद र छुवाछुत मुक्त, घरेलु हिंसा मुक्त गाउँपालिका घोषणा गर्न अभियान सन्चालन गरिने छ। दलित, अल्पसंख्यक, एकल महिला, बन्चितीमा परेका समुदायमा क्षमता अभिबृद्धि गर्न सचेतनामुलक र आय आर्जनका कार्यक्रम सन्चालन गरिने छ।
- युवाहरुलाई उद्यमशील र स्वरोजगार बनाउन सीपमूलक कायक्रम सन्चालन गरिनेछ । सुरक्षित महिनावारीका लागि समुदाय र विद्यालयहरुमा सचेतनामूलक कार्यक्रम सन्चालन गरिने छ । विद्यालयहरुमा सुरक्षित महिनावारीका लागि सामाग्री व्यवस्थापन कार्यक्रमलाई लागत सहभागीतामा आधारित बनाई निरन्तरता दिइने छ।

## (३) पूर्वाधार विकास

- गाउँपालिकाको गौरबको आयोजनाको रुपमा वातावरण मैत्री चक्रपथ (राडडाँडा-हर्पूकोट-नयाँपोखरा-दोहली-इस्मा मैदान- दोवाटा-सिरार-चोरकाटे -बुल्म-हुलाके - राहले-पालुखा-छल्दि पनाहा-राडडाँडा) निर्माण कार्यको सुरुवात गरिने छ।
- **“जनतालाई हाम्रो भरः विपन्नलाइ सुरक्षित घर”** अभियानलाई साकार पार्न जनता आवास कार्यक्रम मार्फत खरका छाना विस्थापित गरि टिनका छाना लगाउने अभियानलाई निरन्तरता दिइने छ।
- गाउँपालिका स्तरीय र वडा स्तरीय सडकहरुमा स्तरोन्नती गर्ने कार्यक्रम अबलम्बन गरिने छ। सडक पुग्न नसकेका वस्तीहरुमा यसै वर्ष भित्र सडक पुग्ने गरी निर्माण कार्य अगाडी बढाइनेछ।
- विद्युतीकरण कार्यक्रमलाई विस्तार गर्न काठका पोल विस्थापित गर्ने गरी कार्यक्रम अगाडी बढाइने छ। उज्यालो कार्यक्रमलाई निरन्तरता दिइने छ। बैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गरिने छ।
- परम्परागत सिंचाइ प्रणालीलाई व्यवस्थित गर्दै नयाँ प्रविधिमा आधारित सिंचाई आयोजना सन्चालन गरिने छ। आगामी ४ वर्ष भित्र सम्पूर्ण खेती योग्य जमिनमा सिचाइ सेवा उपलब्ध गराउने गरी आयोजना अगाडी बढाइने छ।

## (छ) वन, वातावरण तथा विपद व्यवस्थापन

- वन र वातावरणको संरक्षणका लागि विकास निर्माणका कामलाई दिगो विकासको अवधारणा अनुसार अगाडी बढाइने छ। वडा नं. ३ मा निर्माणधिन स्थायी नर्सरीलाई विस्तार गरिने छ साथै यसलाई बहु उपयोगी विरुवा उत्पादन गर्ने गरी अगाडी बढाइने छ।
- हरित र स्वच्छ गाउँपालिका निर्माणको लागि जथाभावी फोहर फाल्ने कार्यलाई निरुत्साहित गर्दै पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्नेतर्फ कार्य अगाडि बढाईनेछ।

- वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलनका लागि एक वडा एक संरक्षण पोखरी निर्माण गरिने छ । समुदायको सहभागीतामा परम्परागत पोखरी, कुवाहरुको संरक्षण र सम्भार गर्ने कार्यक्रमलाई अभियानको रुपमा अगाडी बढाइने छ ।
- विपद् व्यवास्थापन सम्बन्धी नीति, कानुन र प्रतिकार्य योजना तर्जुमा गरी लागु गरिने छ । तत्काल राहत तथा उद्धार कार्यकालागि प्रभावकारी संयन्त्रको निर्माण गरिनेछ ।
- प्रत्येक वडामा टोल सुधार समिति गठन गर्ने र सरसफाई, सचेतना कार्यक्रम सन्चालन गर्न उनीहरुलाई प्रोत्साहित गर्दै परिचालन गरिने छ ।

**(ज) संस्थागत विकास, सेवा प्रवाह, सुशासन र विविध**

- कार्यसम्पादन र सेवा प्रवाहमा दक्षता अभिबृद्धि गर्न आधुनिक प्रविधिको प्रयोग गर्ने बानिको विकास गर्न जनप्रतिनिधी र कर्मचारीहरुलाई क्षमता विकास तालिम प्रदान गरिने छ । न्यायिक समितिका पदाधिकारीको क्षमता विकास गरिने छ । प्रत्येक वडामा मेलमिलाप समिति गठन गरिने छ ।

- सेवा प्रवाहलाई सूचना प्रविधि मैत्री बनाउन सम्पूर्ण स्वास्थ्य चौकीमा उच्च गतिको इन्टरनेट सेवा उवलब्ध गराइने छ । गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य चौकी, माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरीको व्यवस्था मिलाइने छ । गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त बनाउन Que Management प्रणाली व्यवस्था मिलाईने छ ।
- **“इस्मा गाउँपालिकाको अभियानः सेवामैत्री प्रशासन”** भन्ने नारालाई कार्यान्वयन गर्दै भ्रष्ट्राचारमा शुन्य सहनशिलताको नीति अबलम्बन गरिने छ । साथै कर्मचारीहरुलाई कार्यसम्पादनका आधारमा पुरस्कारको व्यवस्था गरिने छ ।
- सुशासनलाई प्रवर्द्धन गर्न सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, रेडियो कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- खाद्यवस्तुको गुणस्तर सुधार र कालोबजारी नियन्त्रण गर्नका लागि बजार अनुगमन कार्यलाई तिब्रता दिइने छ । पसलहरुमा सामानको मूल्य सूची राख्न लगाइने छ ।
- घटना दर्तालाई अनलाइन प्राणाली मार्फत गर्ने गरी व्यवस्था मिलाइने छ । राजस्व संकलनलाई सफ्टवेयर प्रणाली मार्फत व्यवस्थित गरिने छ । सामाजिक सुरक्षा भत्तालाई बैकिङ प्रणाली मार्फत भुक्तानी गर्ने गरी प्रक्रिया अगााडी बढाइने छ ।
- गाउँपालिकालाई आर्थिक रुपमा सवल र सक्षम बनाउन र जनतालाइ कर प्रति सचेत बनाउन “हामीले तिरेको कर हाम्रै विकासका लागि” भन्ने भावनाको विकास गर्दै प्रगतिशिल कर प्रणाली लागु गरिने छ । आन्तरिक राजस्वलाई बृद्धि गर्न राजस्व सुधार योजना बनाई कार्यान्वयन गरिने छ ।

पूर्वाधार निर्माण, सूशासन अभिबृद्धि, रोजगारी सिर्जना र आर्थिक समृद्धि हासिल गर्दै समतामूलक र सम्मुनत इस्मा गाउँपालिका निर्माण गर्न **“कृषि, पर्यटन र पूर्वाधार विकासमा सबैको एकताः सम्मुनत इस्मा गाउँपालिका हाम्रो प्रतिवद्धता”** भन्ने अभियान अगाडि बढाइने छ । यसका लागि राजनैतिक ऐक्यबद्धता,

प्रशासनिक प्रतिवद्धता, दक्ष जनशक्तिको व्यवस्था, सचेत नागरिक समाज र सञ्चार क्षेत्र साथै प्रभावकारी अनुगमन एवं मुल्यांकन संयन्त्रको निर्माण आवश्यक पूर्वशर्त हुन । सबैको आपसी समन्वय, सहकार्य र सहयोगबाट नै समतामूलक र समुन्नत गाउँपालिका निर्माणको अभियान सार्थक बनाउन सकिने भएकाले सबै व्यक्ति, वर्ग, समुदाय, जनता, राजनैतिक दल, कर्मचारीहरु, सरकारी र गैरसरकारी संस्थाहरु लागायत सबै सरोकारवाला वर्गमा सहयोगको लागि हार्दिक अपिल गर्दछु ।

..................

**लक्ष्मण बहादुर विष्ट**

**(अध्यक्ष)**

**इस्मा गाउँपालिका, गुल्मी ।**